# नेपाल राजपत्र

## भाग ४

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, ज्येष्ठ १ गते २०२४ साल

श्री ५ को सरकार

गृहपञ्चायत–मन्त्रालयको

सूचना

श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवको शुभ-जन्मोत्सव अबउप्रान्त नेपाल अधिराज्यभित्र जेठ ३० गते का दिन र अधिराज्य बाहिर जून ११ तारिखका दिन मनाउने निर्णय भएको हुँदा सर्वसाधारणको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

आज्ञाले–

उपरथी छेत्रविक्रम राणा

श्री ५ को सरकारको सचिव ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ को सरकार

## गृह पञ्चायत–मन्त्रालयको

## सूचना

श्री ५ बडामहारानी रत्नराज्यलक्ष्मीदेवी शाहको शुभ–जन्मोत्सव अबउप्रान्त नेपाल अधिराज्यभित्र भाद्र ४ गतेका दिन र अधिराज्य बाहिर अगष्ट १९ तारिखका दिन मनाउने निर्णय भएको हुँदा सर्वसाधारणको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

आज्ञाले–

उपरथी छेत्रविक्रम राणा

श्री ५ को सरकारको सचिव।

श्री ५ को सरकार

## गृह पञ्चायत–मन्त्रालयको

## सूचना

श्री ५ युवराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको शुभ–जन्मोत्सव अबउप्रान्त नेपाल अधिराज्यभित्र पौष १४ गतेका दिन र अधिराज्य बाहिर डिसेम्बर २८ तारिखका दिन मनाउने निर्णय भएको हुँदा सर्वसाधारणको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

आज्ञाले–

उपरथी छेत्रविक्रम राणा

श्री ५ को सरकारको सचिव।

श्री ५ को सरकार

## गृह पञ्चायत–मन्त्रालयको

## सूचना

भा। ४ संख्या ४९ मिति चैत्र २८ गते २०२३ सालको नेपाल राजपत्रमा प्रकाशित सार्वजनिक बिदा र अरु पर्व बिदासम्बन्धी सूचनामा निम्नलिखित संशोधन गरिएको छः–

१. बडादशैं बिदा आश्विन १८ गतेदेखि आश्विन ३१ गतेतक दिन पन्ध्र भनेकोमा दिन १४।

२. अष्टमी बिदामा श्रावण १ र १६ भएकोमा १४ र २९।

३. प्रतिपदा बिदामा श्रावण ६ र २२ को सट्टा ७ र २३।

४. उल्लिखित सूचनामा छात्राहरूको ठाउँमा विद्यार्थीहरू राखिएको छ।

आज्ञाले–

उपरथी छेत्रविक्रम राणा

श्री ५ को सरकारको सचिव।

९८

मुद्रण विभाग

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।